# देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:३ संख्या:३

स्थानीय राजपत्रमा प्रकाशित मिति:२०७८/०५/२१

**नगरसभाबाट स्वीकृत मिति:२०७८/०४/२१**

**भाग १**

## देवचुली नगरपालिकामा कार्यरत साविक स्थानीय निकायले नियुक्ति गरेका स्थायी कर्मचारीहरुको बढुवा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८

**प्रस्तावना :**

साविकको स्थानीय निकायको सेवामा प्रवेश गरी हाल सम्म कार्यरत रहेका स्थायी कर्मचारीहरुलाई समायोजन हुदाँको बखत स्थायी कर्मचारीहरुको बृत्ति विकास अवरुद्ध भएको, स्थानीय निकायबाट स्थायी भइ यस कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुका हकमा बढुवा हुन नसकेको कारण उनीहरु उत्प्रेरित हुन नसकी कार्यालयको कामप्रति उत्प्रेरित हुन नसकेकोले त्यस्ता कर्मचारीहरुलाइ उत्प्रेरित गर्न एक पटकको लागि बढुवा सम्बन्धी कानुनी व्यवस्था गर्न वाच्छनीय देखिएकोले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम देवचुली नगरपालिकाको नगर सभाले यो ऐन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

**१. संक्षिप्त नाम तथा प्रारम्भः**

(क) यस ऐनको नाम “देवचुली नगरपालिकामा कार्यरत साविक स्थानीय निकायले नियुक्ति गरेका स्थायी कर्मचारीहरुको बढुवा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८” रहेको छ ।

(ख) यो ऐन नगर प्रमुखले प्रमाणिकरण गरी स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषा : बिषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-**

(क) "ऐन" भन्नाले देवचुली नगरपालिकामा कार्यरत स्थानीय निकायले नियुक्ति गरेका स्थायी कर्मचारीहरुको वढुवा गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन २०७८ लाई सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले साविक स्थानीय निकायबाट प्रचलित कानून बमोजिम नियुक्ति भइ देवचुली नगरपालिकाको स्वीकृत दरबन्दीमा यो ऐन जारी हुदाँका बखत स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले देवचुली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन र नगरपालिकाको समय समयमा निर्णय गरी तोकिएको विषय लाई सम्झनु पर्छ ।

(ङ) "नगरसभा" भन्नाले देवचुली नगरपालिकाको नगरसभा लाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(छ) "स्थानीय सेवा" भन्नाले देवचुली नगरपालिकामा साविक स्थानीय निकायबाट स्थायी नियुक्ति पाई हाल यस न.पा. मा कार्यरत स्थायी कर्मचारीको सेवा समुहलाई सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले देवचुली नगरपालिकालाई सम्झनु पर्छ ।

(झ) "स्थानीय कानून" भन्नाले देवचुली नगरपालिकाबाट जारी भएका कानुन लाई सम्झनु पर्छ ।

**३. स्थानीय सेवाका कर्मचारीको बढुवा तथा समायोजन गर्नेः-**

(१) साविकको स्थानीय निकायको रुपमा देवचुली नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका र यो ऐन जारी हुदाँका बखत देवचुली नगरपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुलाई यस ऐनको परिधिभित्र रही बढुवा गरी समायोजन गरिने छ ।

देवचुली नगरपालिका राजपत्र

(२) उपदफा (१) बमोजिम यो ऐन जारी हुदाँका बखत निम्नानुसार पदका लागि निम्नानुसार सेवा अवधी र शैक्षिक योग्यता पुगेका सम्बन्धित सेवा समूहको कर्मचारीहरुलाइ एक पटकको लागि बढुवाको अवसर दिइने छ ।

(क) सहायक स्तर चौथो तहको पदबाट  पांचौं तहको पदको बढुवाको लागि एक तह मुनीको सम्वन्धित सेवा समूहको पदमा कम्तीमा ३ वर्ष सेवा अवधि पूरा गरेको, सम्वन्धित सेवा समूहको उक्त पदको लागि न्युनतम शैक्षिक योग्यता पुरा गरेको, तालिम तथा पछिल्लो तीन बर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत ९० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गरेको ।

सहायक स्तर पाँचौ तहबाट अधिकृत स्तर छैठौं वा सातौं तहमा बढुवाको लागि एक तह मुनीको सम्वन्धित सेवा समूहको पदमा कम्तीमा ५ वर्ष सेवा अवधी पुरा गरेको, सम्वन्धित सेवा समूहको पदको लागि तोकिएको न्युनतम शैक्षिक योग्यता, तालिम, पछिल्लो ५ वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत ९० प्रतिशत वा सो भन्दा वढी अंक प्राप्त गरेको ।

(ख) उप दफा २ बमोजिम वढुवा प्रयोजनको लागि निज कार्यरत रहेको पदलाइ नै आधार लिइ सोही सेवा समूहको एक तह माथिल्लो पद पूल दरवन्दीको रुपमा स्वतःसिर्जना हुने छ । त्यसरी माथिल्लो पद सिर्जना भएकोमा निजको साविकमा कार्यरत तल्लो तहको पद खारेज हुने छ ।

(ग) उपदफा (२) बमोजिम बढुवा तथा पदस्थापना गर्दा नगर कार्यपालिकाबाट निर्णय गरी  बढुवा हुने पद तथा दरवन्दी सिर्जनाका लागि नगर सभामा पेश गरिने छ । नगरसभाबाट त्यस्तो पद सिर्जना भएमा उक्त प्रकृया अगाडि बढाउन बाधा पर्ने छैन ।

तर सहायक स्तर पांचौं तहको पदका लागि बढुवा हुने कुनै कर्मचारीको शैक्षिक योग्यता उक्त पदको खुल्ला प्रतियोगिताका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह मुनीको पदको लागि चाहिने शैक्षिक योग्यता भएको भए वा खुल्ला प्रतियोगिताका लागि विशेष थप योग्यता चाहिने भएमा त्यस्तो पदमा बढुवा हुने सम्भावित कर्मचारीको कार्य जिम्मेवारी, कार्यकुशलता, लगनशीलता, कार्यदक्षता समेतको आधारमा नगर कार्यपालिकाले निर्णय गरी एक तह मथिको पदमा बढुवा गर्न सक्ने छ ।

(३) नगर कार्यपालिकाको निर्णय अनुसार नगर सभाबाट स्थानीय निकायमा कार्यरत कर्मचारीलाइ बढुवा गर्नेगरी दरवन्दी कायम भएको पद यस नगरपालिकाको

संगठन संरचनामा समावेश गराई संगठन संरचना स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइने छ ।

(४) यस ऐनमा अन्त्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि लोक सेवा आयोगबाट स्थानीय तहको वढुवाका लागि प्रतिशत निर्धारण गर्दा रिक्त हुन आएको पदमा नियमानुसार प्रकृया पूरा गरी बढुवा गर्दा वा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणका बखतमा सिर्जना हुन आएको रिक्त पदमा बढुवा गरी समायोजन गर्दा वा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा कार्यरत साविकका स्थानीय निकायका कर्मचारीको वृत्ती बिकासका लागि मापदण्ड निर्धारण गरेका बखत सोही मापदण्डको परिधि भित्र रही पुल दरवन्दीमा कार्यरत कर्मचारीहरुलाइ पदस्थापन गर्न कुनै बाधा पर्ने छैन ।

(५) यस दफा बमोजिम स्थानीय सेवाका स्थायी कर्मचारी बढुवा/समायोजन गर्दा कायम हुने तलब निजको साविकमा खाइपाई आएको तलब भन्दा कम हुने भएमा साविकको पदले पाउने न्युनतम तलव स्केलमा नघट्ने गरी मिलान गरिनेछ ।

**४. बढुवा नियुक्ति दिने :-**

दफा ३ मा उल्लेखित प्रकृया पूरा गरी यस ऐन बमोजिम एक तह माथिल्लो पदमा बढुवाका लागि योग्यता पुगेका कर्मचारीहरुलाइ नगर कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले अनुसूचि -१ बमोजिमको ढांचामा नगर सभाले कायम गरेको दरवन्दीमा बढुवा नियुक्ति दिने छ ।

**५. सेवा तथा समुह कायम गरी पदस्थापन गर्ने :-** यस ऐन बमोजिम बढुवा भइ बढुवा नियुक्ति पाएका स्थानीय तहका कर्मचारीहरुको पदस्थापनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस नगरपालिकाको संगठन संरचनमा समावेश हुन नसकेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमतीमा नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराइ सिर्जना हुन आएका पदमा यस ऐन बमोजिम बढुवा भएका कुनै पद पुल दरबन्दीमा रहेका भए त्यस्ता कर्मचारीलाई रिक्त पदको उपयुक्त सेवा तथा समुहको पदमा पदस्थापन गर्नेछ ।

**६. बढुवा/समायोजन भएका कर्मचारीहरको सेवा तथा सुविधाः-** यस ऐन बमोजिम बढुवा भएका स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तलबमान तथा अन्य सुविधा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

७. **पद अभिलेखिकरण:-** यस ऐन बमोजिम बढुवा भएका स्थानीय सेवाका स्थायी कर्मचारीहरुको पद तोकिएको निकायमा अभिलेखिकरणका लागि पठाउनु पर्ने छ ।

८. **बढुवा/समायोजनको जानकारी:-** यो ऐन बमोजिम बढुवा/समायोजन भएका स्थायी कर्मचारीहरुको अनुसुची-१ बमोजिम बोधार्थ मा उल्लेख भएका सम्पूर्ण निकायहरुलाई बढुवा/समायोजन पत्रको जानकारी गराउनु पर्नेछ ।

९. **जेष्ठताको गणना:-** यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता बढुवा/ समायोजन भई वढुवा भएको पदमा हाजिर भएको मिति देखि जेष्ठता गणना गरिनेछ ।

१०. **आबश्यक ब्यवस्था मिलाउने:-** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा नगर कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आबश्यक ब्यवस्था मिलाउने छ ।

११. **प्रचलित कानुन बमोजिम हुने:-** यस ऐनमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम हुने छ । संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन तथा स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन कार्यान्वयनमा आएका बखत यस ऐनका कुनै दफा वा यस मा उल्लेखित कुनै प्रावधान बाझिन गएमा वा अमान्य भएमा बाझिएको वा अमान्य भएको हद सम्म स्वत: बदर हुने छ । यस ऐन कार्यान्वयनका सिलसिलामा कुनै कठिनाइ पर्न आएमा नगर कार्यपालिकाको सिफारिसमा नगर सभाले आवश्यक व्यवस्था मिलाउने छ ।

देवचुली नगरपालिका राजपत्र

**अनुसुची-१**

**दफा (४) संग सम्बन्धीत**

**देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

**प्रगतीनगर,नवलपरासी (ब.सु.पू)**

**गण्डकी प्रदेश, नेपाल**

प.स-

च.नः-

मिति……………

विषय : बढुवा नियुक्ति ।

श्री………………………

……………………………

तपाइलाइ देवचुली नगरपालिकामा कार्यरत साविक स्थानीय निकायले नियुक्ति गरेका स्थायी कर्मचारीहरुको व्यवस्थापन गर्ने सम्वन्धमा वनेको ऐन २०७८ को दफा ४ मा व्यवस्था भाए बमोजिम देवचुली नगर कार्यपालिकाको मिति ………………को निर्णय अनुसार मिति ……………. देखि नै जेष्ठता कायम हुने गरी अर्को व्यवस्था नभएसम्म साविक बमोजिम गर्दे आएको कामकाज गर्ने गरी देहाय बमोजिमको पूल दरवन्दीको पद तथा तहमा बढुवा नियुक्ति गरिएको छ ।

आफुलाई तोकिएको साविक बमोजिमको जिम्मेवारी प्रचलित कानूनको अधिनमा रही इमान्दारि पूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

वढुवा हुनु भएकोमा हार्दिक बधाई छ ।

| साविक पदाधिकार रहेको | | हाल वढुवा भएको | |
|---|---|---|---|
| पद | | पद | |
| तह | | तह | |
| सेवा/समुह | | सेवा/समुह | |
| कार्यरत शाखा | | कार्यरत शाखा | |

……………………

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरवार, काठमाडौ ।

श्री मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा, कास्की ।

श्री लोक सेवा आयोग, ……………… ।

श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, पुल्चोक ।

श्री कर्मचारी संञ्चय कोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौ ।

श्री आर्थिक प्रशासन शाखा, देवचुली नगरपालिका ।

**आज्ञाले**

**गोविन्द सिग्देल**

**प्रमुख प्रशासकीय अधिकृत**

देवचुली नगरपालिका राजपत्र